खण्ड ५) संङ्ख्या १ दुर्गाथली राजपत्र भाग २ मिति २०७९/०७/१६

राजपत्र

दुर्गाथली गाउँपालिकाद्वारा प्रकाशित

भाग २

# एम.वि.वि.एस अध्ययन छात्रवृति सम्बन्धि कार्यविधि, २०७९

(गाउँ कार्यपालिकाबाट पारित)

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७९-०७-०५)

## प्रस्तावनाः-

शिक्षा सम्बन्धी स्थानीय तहको एकल अधिकार सूची तथा सोको सर्वमान्यतामा प्रतिकूल असर नपर्नेगरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा (२)को खण्ड (ज)को उपखण्ड(१६) मा व्यवस्थाभएको निःशुल्क रुपमा प्रत्येक वर्ष गाउँपालिकाले दुई जना एम.वि.वि.एस.डाक्टर उत्पादन/चिकित्सक गरि गाउँबासीहरुलाईदिगो स्वास्थ्य सेवा उपलब्ध गराउने उदेश्यले गाउँपालिकाको जेहेन्द्रार विद्यार्थीलाई प्रोत्साहन गर्न र दुर्गाथली गाउँपालिकाको काम,कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गरी संस्थागत विकास गर्नवाञ्छनिय देखिएकोले, स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१)ले दिएको अधिकारप्रयोग गरी दुर्गाथली गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "एम.वि.वि.एस.अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि,२०७९" रहेको छ।

(२) यो कार्यविधि दुर्गाथली गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा र व्याख्या:

विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका अध्यक्ष" भन्नाले दुर्गाथली गाउँपालिका, बझाङ्गको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा कार्यविधि,२०७५ बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगलाई सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले दुर्गाथली गाउँपालिका, बझाङ्गको उपाध्यक्षलाई सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुर्गाथली गाउँपालिका, बझाङ्गका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "शिक्षा अधिकृत" भन्नाले दुर्गाथली गाउँपालिका, बझाङ्गका शिक्षा,युवा तथा खेलकुद शाखाका प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा,युवा तथा खेलकुद शाखा हेर्ने कर्मचारी समेतलाई सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले दुर्गाथली गाउँपालिका, बझाङ्गलाई सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले दुर्गाथली गाउँपालिका, बझाङ्गका गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) "सभा" भन्नाले दुर्गाथली गाउँपालिका, बझाङ्ग अन्तर्गतका वडाहरुलाई सम्झनु पर्छ ।

(झ) "वडा" भन्नाले दुर्गाथली गाउँपालिका, बझाङ्ग अन्तर्गतका वडाहरुलाई सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले यस कार्यविधिको दफा १७ माव्यवस्था भएको एम.वि.वि.एस.अध्ययन छात्रवृति व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

परिच्छेद-२

एम.वि.वि.एस.अध्ययन छात्रवृति सम्वन्धि व्यवस्था

३.एम.वि.वि.एस.अध्ययन छात्रवृति उपलब्ध गराइने:

(१) आयोगबाट संचालन हुने एकिकृत प्रवेश परीक्षा (एम.वि.वि.एस) उतीर्ण नतिजाको एकीकृत योग्यता क्रमको सूचीमा समावेश गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने दुई जना जेहेन्दार विद्यार्थीलाई एम.वि.वि.एस.अध्ययन छात्रवृति उपलब्ध गराइनेछ ।

(२) गाउँपालिका क्षेत्र भित्रका तिन वा सो भन्दा बढी विद्यार्थीहरुले उपदफा (१) बमोजिम संचालन हुने एकीकृत प्रवेश परीक्षा (एम.वि.वि.एस) उतीर्ण गरेमा उतीर्ण नतिजाको एकीकृत

योग्यता क्रमको सूचीमा रहेको दुईजना विद्यार्थीलाई एम.वि.वि.एस.अध्ययन छात्रवृति उपलब्ध गराइनेछ ।

(३) - एम.वि.वि.एस. अध्ययन छात्रवृतिमा पर्न आएका निवेदन मध्ये यस गाउँपालिकामा स्थायी बसोवास भएको हुनुपर्ने सामुदायिक विद्यालयमा अध्ययन गरेको गरिब, जेहन्दार, महिला, दलित, अपाङ्गता भएका, जनयुद्ध तथा जनआन्दोलनमा शहिद तथा वेपत्ता पारिएका एवं घाइते भएका व्यक्तिका सन्ततिलाई प्राथमिकताका आधारमा छनोट गरिने छ र सामुदायिक विद्यालयमा अध्ययन गरेको व्यक्तिले निवेदन नदिएमा संस्थागत वा नीजि विद्यालयमा अध्ययन गरेको व्यक्तिलाई छात्रवृति प्रदान गरिनेछ ।

(४) उपदफा (१) तथा उपदफा (२) बमोजिमको अवस्था गाउँपालिका, क्षेत्रभित्र नरहेमा छात्रवृतिको कोटा उक्त वर्ष खारेज हुनेछ।

(५) एम.वि.वि.एस. अध्ययन छात्रवृति व्यवस्थापन समितिबाट छनोट भएको तथा कार्यपालिकाबाट अनुमोदित विद्यार्थीको अध्ययन अवधिभर गाउँसभाबाट विनियोजित भएको छात्रवृति रकम सोही विद्यार्थीलाई उपलब्ध गराइनेछ ।

४- एकीकृत प्रवेश परीक्षा(एस.वि.वि.एस)उर्तीण विद्यार्थीले एम.वि.वि.एस.छात्रवृति पाउन आवेदन गर्नुपर्नेः

दफा ५ मा व्यवस्था भए बमोजिमको छात्रवृतिमा आवेदन गर्न योग्य विद्यार्थीले एकीकृत प्रवेश परीक्षा(एम.वि.वि.एस)को नतिजा सार्वजनिक भए पश्चात आयोगबाट प्रकाशित एकीकृत योग्यता क्रमको सूची र देहायका कागजात सहित समितिमा आवेदन गर्नु पर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) एस.इ.इ.र सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,

(घ) समितिले तोकेका अन्य आवश्यक विषयहरु

५, छात्रवृति उपलब्ध गराइने विद्यार्थीको नाम प्रस्ताव गरी आशयको सूचना प्रकाशित गर्नुपर्नेः

(१) समितिले दफा १३ बमोजिम परेका आवेदन उपर जाँबुझ गरी छात्रवृतिका लागि योग्य देखिएका दुईजना विद्यार्थीको नाम प्रस्ताव गरी छात्रवृति उपलब्ध गराउन लागिएको आशय सहितको सात दिने सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा(१)बमोजिमको सूचनाको समयावधिमा समिति समक्ष कहिकतैबाट दावी विरोध पर्न आएमा समितिले त्यस्तो दावी विरोध उपर समेत गहन छलफल गरी यस कार्यविधिको दफा १२

बमोजिमको छात्रवृतिका लागि योग्य देखिएका दुई जना विद्यार्थीको नाम अन्तिम सिफारिस गरी छनोटको निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम सिफारिस भई आएको दुई जना विद्यार्थीलाई कार्यपालिकाको निर्णयले एम.वि.वि.एस.अध्ययन छात्रवृति उपलब्ध गराइनेछ ।

६.कबुलियतनामा गर्नुपर्ने:

यस कार्यविधि बमोजिम एम.वि.वि.एस अध्ययन छात्रवृतिमा छनोट भएको विद्यार्थीले अध्ययन सम्पन्न भए पश्चात कम्तीमा तिन वर्षसम्म गाउँपालिकामै रही सेवा गर्ने गरी अध्ययनमा जानु अघि नै अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष कबुलियतनामा गर्नु पर्नेछ ।

७, छात्रवृति वापतको रकम बैक खाता मार्फत भुक्तानी गरिने:

(१) यस कार्यविधि बमोजिम (एम.वि.वि.एस) अध्ययन छात्रवृतिमा छनोट हुने विद्यार्थीका लागि स्विकृत बार्षिक बजेट बमोजिमको रकम बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

द्रष्टव्य:- यस परिच्छेदमा उल्लेखित "गाउँपालिका क्षेत्र भित्रको स्थायी बसोबास" भन्नाले आयोगबाट प्रत्येक वर्ष संचालन हुने एकीकृत प्रवेश परीक्षा(एम.वि.वि.एस)को दिनभन्दा कम्तीमा तीन वर्ष अघिदेखी निरन्तर दुर्गाथली गाउँपालिका, बझाङ्ग भित्र स्थायी रुपमा बसोबास भएको सम्झनु पर्छ ।

(च) नि:शुल्क शिक्षा,विद्यार्थी प्रोत्साहन र छात्रवृति सम्बन्धी कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

परिच्छेद- ३

एम.वि.वि.एस. अध्ययन छात्रवृति व्यवस्थापन समितिको गठन –

१- यस कार्यविधि बमोजिम उपलब्ध गराइने एम.वि.वि.एस. अध्ययन छात्रवृति कार्य प्रक्रियालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक एवं व्यवस्थापन समेत गर्न गाउँपालिकामा देहाय बमोजिम एम.वि.वि.एव. अध्ययन छात्रवृति व्यवस्थापन समिति रहने छ –

क- गाउँपालिका अध्यक्ष - संयोजक

ख- गाउँपालिका उपाध्यक्ष – सदस्य

ग- प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ- कार्यपालिका मातहतको सामाजिक विकास समितिका संयोजक- सदस्य

ङ- गाउँपालिका क्षेत्रभित्रका विद्यालय (मा.वि. स्तर ) का प्राधानाध्यापकहरु मध्येबाट गाउँपालिकाका अध्यक्षले मनोनयन गरेको एकजना – सदस्य

च- गाउँपालिका क्षेत्र भित्रका शिक्षाविदहरु मध्येबाट कम्तीमा एकजना महिला सहित कार्यपालिकाबाट मनोनित ३ जना – सदस्य

छ- शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

२- उपदफा १ को खण्ड (ङ) र खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि ४ चार बर्षको हुनेछ ।

३- समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्ने सक्नेछ ।

४- समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

९- छात्रवृति व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार –

यस कार्यविधिको अन्यत्र दफामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ –

क- गाउँपालिका क्षेत्रभित्रको निशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृति सम्बन्धी व्यवस्थालाई दीर्घकालिन र प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने ।

ख- गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकास गर्न भविष्यमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तिको आकलन गरी स्थानीय स्तरमै त्यस्ता जनशक्ति उत्पादन लागि नीति तयार गरी कार्यपालिकामा पेश गर्ने

ग- यस कार्यबिधि बमोजिम उपलब्ध गराइएको एम.वि.वि.एस. अध्ययन छात्रवृति कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिक रुपमा कार्यपालिकामा पेश गर्ने

घ- एम.वि.वि.एस. अध्ययन छात्रवृति उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरु बीच आवश्यक समन्वय गर्ने

ङ- यस कार्यविधिको उद्धेश्य अनुरुप आबश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने

च- निशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृति सम्बन्धी कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४

## एम.बि.बि.एस.अध्ययन छात्रवति कोष सम्बन्धि व्यवस्था

१०. छात्रवृति कोषः

(१) यस कार्यविधिले व्यवस्था गरे बमोजिमको एम.वि.वि.एस अध्ययन छात्रवृति उपलब्ध गराउन एवं कार्यविधिले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न गाउँपालिकामा एउटा छुट्टै एम.वि.वि.एस.अध्ययन छात्रवृति कोष रहनेछ ।

(२) उपदफा(१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन:

(क) एम.वि.वि.एस.अध्ययन छात्रवृति कार्यक्रम संचालनका लागि सभा तथा कार्यपालिकाको निर्णय बमोजिम विनियोजित रकम,

(ख) खण्ड (क) बमोजिमको कार्यको लागि दातृ निकाय,विकास साझेदार गैरसरकारी संघ संस्थाहरु तथा व्यक्तिबाट स्वेचेछिक रुपमा उपलब्ध गराइने रकम,

(ग) संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(३) उपदफा(१) बमोजिमको कोषमा जम्मा भएको रकम समितिको सिफारिसमा यस कार्यविधिले परिलक्षित गरेको क्षेत्रमा मात्र गर्न सकिनेछ ।

११.कोषलाई दिगोपना गरिने:

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले विषय क्षेत्रगत बजेट सिलिङ निर्धारण गर्दाका वखत यस कार्यविधि बमोजिम उपलब्ध गराइने एम.वि.वि.एस.अध्ययन छात्रवृति सम्बन्धी कार्यक्रम संचालनका लागि स्थापित छात्रवृति कोषमा एक आर्थिक वर्षभरीमा हुनसक्ने अनुमानित व्ययको विवरण समितिबाट लिई सोही बमोजिम कोषका लागि बजेट सिलिङ कायम गरी कोषलाई दिगोपना कायम गर्नु पर्नेछ ।

१२. कोषको खाता संचालन:

कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा वा निजले तोकेको आर्थिक प्रशासन तर्फको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१३. कोषको लेखापरीक्षण:

कोषको आय र व्ययको आन्तरीक एवं अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद-५

विविध

१४, दोहोरो पर्ने गरी छात्रवृति उपलब्ध नगराइने: यस कार्यविधि

बमोजिम उपलब्ध गराइने छात्रवृतिको विधामा नेपाल सरकार तथा प्रदेश सरकारबाट कुनै निकायबाट छात्रवृति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृति उपलब्ध गराइने छैन ।

१५, वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः

समितिले यस कार्यविधिले परिलक्षित गरेको सम्पूर्ण काम कारवाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ र सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१६.अधिकार प्रत्योजन गर्न सक्नेः

(१) आर्थिक व्ययभार सिर्जना हुने देखि बाहेक कार्यपालिकाले आफुलाई यस कार्यविधि बमोजिम प्राप्त काम,कर्तव्य र अधिकार मध्ये केही काम,कर्तव्य र अधिकार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त काम,कर्तव्य र अधिकार मध्ये केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाइ प्रत्योजन गर्न सक्नेछ ।

१७. बाधा अड्काउ फुकाउन सक्नेः

यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ ।

१८. प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

१९.नियम,निर्देशिका,मापदण्ड र कार्यविधि बनाउन सक्नेः

यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ ।

अनुसूची १

(दफा ६ सँग सम्बन्धित)

दुर्गाथली गाउँपालिकाको एम.वि.वि.एस.अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि ,२०७९ को दफा ६ माव्यवस्था भएको एम.बि.बि.एस.अध्ययन छात्रवृतिका लागि छनौट भएका दुर्गाथली गाउँपालिका वडा न, स्थायी निवासी श्री........................... ले दुर्गाथली गाउँपालिका सँग गरेको कबुलियतनामा

जिल्ला दुर्गाथली गाउँपालिका, वडा निवासी नाती/नातिनि,श्री.................. को छोरा/छोरी म श्री......................................................ले दुर्गाथली गाउँपालिकाको एम.बि.बि.एस.अध्ययन छात्रवृति सम्बन्धि कार्यविधि ,२०७९ बमोजिम व्यवस्था भएको एम.बि.बि.एस.अध्ययन छात्रवृतिका लागि छनौट भई श्री. संस्थाको नाम र ठेगाना) मा मिति २०..../......./.......देखी संचालन हुने एम.बि.बि.एस. अध्ययन कार्यक्रममा जान लागेकोले मैले दुर्गाथली गाउँपालिकाको एम.बि.बि.एस. अध्ययन सम्बन्धी कार्यविधि,२०७९ को दफा ६ अनुसार दुर्गाथली गाउँपालिका बझाङ्गसँग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु ।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मिति भित्र श्री.. (शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु । अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्णरुपमा पालना गर्नेछु ।

(ख) उल्लेखित छात्रवृति कार्यक्रम संचालनका लागि दुर्गाथली गाउँपालिकाको छात्रवृति सम्बन्धी कार्यविधि, २०७९ को पूर्ण रुपमा पालना गर्नेछु ।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात कम्तीमा २ वर्ष दुर्गाथली गाउँपालिकामा रहि अनिवार्य सेवा गर्नेछु ।

(घ) काबु भन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पुरा नगरी बिचमै छोड्ने छैन । मैले यस अघि कुनै पनि सरकारी स्तरको निकायबाट यही विषयमा छात्रवृति/दोहोरो

सुविधा समेत लिएको छैन । अध्ययन पूरा गरे पश्चात गाउँपालिकाले खटाएको स्थानमा काम गर्नेछु । अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन ।

(ङ) माथि उल्लिखित व्यवस्था एवम् कार्यविधिमा भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा दुर्गाथली गाउँपालिकाले छात्रवृतिको रुपमा म माथि गरेको सम्पूर्ण लगानी रकम तथा सो मा दुर्गाथली गाउँपालिकाले निर्धारण गरे बमोजिमको ब्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर छु।

(च) अध्ययन पश्चात दुर्गाथली गाउँपालिकामा रहेको अस्पतालको नियमानुसारको सम्पूर्ण तलब स्केलमा सेवा दिनेछु।

| कबलियतनामा गराउने अधिकारीको | कबुलियतनामा गर्ने विद्यार्थीको |
|---|---|
| दस्तखतः | दस्तखत |
| नाम,थरः | नाम थर |
| पदः | पद |
| मितिः | मिति |

ल्याप्चे

| दाँया | बाँया |
|---|---|
| | |

**रोहबरमा बस्नेः**

सम्बन्धित वडाका जनप्रतिनिधि नाम,थरः

हस्ताक्षरः

विद्यार्थीको अभिभावकको नाम,थर र ठेगानाः

हस्ताक्षरः

शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखको नाम,थरः

हस्ताक्षरः

मितिः२०.........../.......... /...

आज्ञाले

देवी प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत